**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**Date: 20.10.2024** **BROADCAST: 18:40hrs**

- **Bye Election Candidate**

पूर्व विधायक श्री आदित्य गोले र श्री सतिश चन्द्र राई आगामी उपचुनाउका निम्ति सोरेङ च्याखुङ र नाम्ची सिङ्गीथाङ समष्टिका निम्ति सिक्किम क्रान्तिकारी मोर्चा उम्मेदवार चुनिएका छन्। सत्तारुढ़ सिक्किम क्रान्तिकारी मोर्चाले आज अपराह्न गान्तोकस्थित पार्टी मुख्यालयमा पत्रकार सम्मेलन डाकेर उम्मेदवारहरूको नामको घोषणा गरेको हो। पार्टीको संसदीय समितिले आज नै पार्टी अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई बुझाएको रिपोर्ट प्रवक्ता श्री जेकब खालिङले पत्रकार सम्मेलनमा पठन गर्नुभयो। श्री खालिङले सोरेङ च्याखुङ र नाम्ची सिङ्गीथाङका पार्टी कार्यकर्ताहरूसित सबै मिलेर पार्टी उम्मेदवारहरूलाई भारी मतले विजयी गराउने अपील गर्नुभएको छ।

उल्लेखनीय छ, गत अप्रेल महिनामा सम्पन्न एघारौं विधानसभा चुनाउमा सिक्किम क्रान्तिकारी मोर्चाले बत्तीसमध्ये एकतीस आसनमा जीत हासिल गरेर दोस्रोपल्ट सरकार गठन गरेको छ।
ज्ञात रहोस, सिटिजन एक्शन पार्टी, सिक्किमले पनि दुवै समष्टिको उपचुनाउ लड्ने घोषणा गरिसकेको छ भने अन्य पार्टीहरूले यस बारेमा आजसम्म कुनै घोषणा गरेको छैन।

---------------------------------------X---------------------------------------

- **Bye Election Update**

भारतीय निर्वाचन आयोगको दिशानिर्देशअनुसार, सोरेङ-च्याखुङ निर्वाचन क्षेत्रमा हुने उपचुनाउ सुचारु सञ्चालन भएको सुनिश्चित गर्न सोरेङ जिल्लाका पाँचवटा स्थानलाई नाका चेकपोइन्ट चिन्हित गरिएको छ।

सोरेङका जिल्ला निर्वाची अधिकारी श्री धिरज सुवेदीकाअनुसार गत सोल्ह अक्टोबरदेखि नै Flying Squad Teams, Static Surveillance Teams र Video Surveillance Team-लाई यी नाकाहरूमा सक्रिय रूपमा तैनात गरिएको छ अनि यी समर्पित टोलीहरूले चुनौतीपूर्ण मौसम हुँदाहुँदै पनि आफ्नो कर्तव्य लगनशीलतासाथ पूरा गरिरहेछन्।

यस जिल्लाका निम्ति पहिचान गरिएका नाकाहरूमा बुदाङ आठ माइल फाटक, बुदाङ-चुम्बुङ फाटक, च्याखुङ बजार, सोरेङ डाँड़ा बजार र बारखिले लोवर सिङलिङ फाटक रहेका छन्। यहाँ निष्पक्ष र पारदर्शी चुनावी प्रक्रिया सुनिश्चित गर्न यी उपायहरू अपनाइएको हो।

---------------------------------------X---------------------------------------

- **Meeting on Tourism Permit**

लाचुङ होटल संगठन र लाचुङ चालक संघको एउटा प्रतिनिधिटोलीले पर्यटकीय अनुमतिपत्रमा तत्काल कारबाही र सहयोगको माग गर्दै आज लाचेन-मंगन क्षेत्रका विधायक एवं मन्त्री श्री सामडुप लेप्चासित भेट गऱ्यो। गान्तोकमा बसेको महत्त्वपूर्ण बैठकमा मन्त्रीले महत्त्वपूर्ण चुनौतीमाथि ध्यान दिएकोमा टोलीले उहाँप्रति आभार व्यक्त गरेको छ।

मौसममा सुधार भइरहेको बताउँदै प्रतिनिधिमण्डलले पर्यटक परमिटको सुविधाका लागि सरकारी सहायताको तत्काल आवश्यकतामाथि जोड़ दिएको छ, जुन संघर्षरत स्थानीय अर्थव्यवस्थालाई पुनरुत्थान गर्न महत्त्वपूर्ण छ। धेरै होटल र वाहनहरूमाथि ऋणको बोझ भएका कारण स्थिति गम्भीर हुनका साथै मासिक वित्तीय दायित्व पूरा गर्न गाह्रो भइरहेको छ।

मन्त्रीको समुदायलाई सहयोग गर्ने प्रतिबद्धताले मानिसहरूमा आशा जागेको छ। प्रतिनिधियहरूले सड़क सम्पर्क सम्बन्धी समस्याको सामना गर्नका साथै स्थानीय गुनासो सुनेकोमा क्षेत्र विधायक श्री लेप्चाप्रति आभार व्यक्त गरेको छ। उनीहरूले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको नेतृत्वमा अटुट विश्वास व्यक्त गर्दै उत्तर सिक्किम पर्यटनका लागि तत्काल पर्मिट अनुमोदन गरिदिने आग्रह गरेका छन्।

---------------------------------------X---------------------------------------

- **The Voice of Dentam**

द भोइस अफ मानेबोङ-देन्ताम २०२४-को सेमिफाइनल देन्ताम  विद्यालयको सभा भवनमा सम्पन्न भयो। संगीत र कला प्रेमीहरूलाई आकर्षित गर्ने उद्देश्यले मानेबुङ-देन्ताम संस्कृति संरक्षण समितिले आयोजना गरेको यो प्रतियोगिता यहाँका युवा प्रतिभाहरूको आवाजलाई उजागर गर्ने महत्त्वपूर्ण मञ्च बनेको छ।

प्रतियोगिताको सेमिफाइनलमा वरिष्ठ र कनिष्ठ गरी तीसजना प्रतिभागीले आफ्नो कला प्रस्तुत गरे। प्रतियोगिताको फाइनल यसै महिनाको सत्ताइस तारिक आइतबार हि सार्वजनिक खेल मैदानमा हुनेछ।

---------------------------------------X---------------------------------------

- **Football**

सिक्किमले उन्तीसौं वरिष्ठ महिला राष्ट्रिय फुटबल प्रतियोगिता राजमाता जिजाबाई ट्रफी २०२४-२५-मा प्रभावशाली शुरूवात गरेको छ। त्रिपुराको अगरतलामा भइरहेको प्रतियोगिताअन्तर्गत आज खेलिएको खेलमा सिक्किमले गुजरातमाथि एकको विरूद्ध चार गोलले विजय हासिल गर्दै तीन अंक प्राप्त गरेको छ। सिक्किमको पक्षमा सिमरन गुरूङ एक्लैले चार गोल गरिन्। आगामी बाहीस अक्टोबरमा हुने दोस्रो खेलमा सिक्किमको भिड़न्त आयोजक त्रिपुरासित हुनेछ।
बाहिसजना सदस्यको टोलीले राज्यलाई प्रतिनिधित्व गरिरहेको यस प्रतिष्ठित प्रतियोगितामा समूह G-मा रहेको सिक्किमसित गुजरात, त्रिपुरा र चण्डिगण रहेका छन्। चौबीस अक्टोबरमा खेलिने आफ्नो अन्तिम लीग म्याचमा सिक्किमको भिड़न्त चण्डिगणसित हुनेछ।

---------------------------------------X---------------------------------------

- **Cricket**

रम्फूको माइनिङस्थित सिक्किम क्रिकेट खेल मैदानमा खेलिएको रञ्जी-ट्रफी २०२४-२५-अन्तर्गत दोस्रो खेलमा सिक्किमको हार भएको छ। प्रतियोगिताको प्रतिद्वन्द्वी गोवाले पारी र तीर्पन रनले सिक्किममाथि जित दर्ता गरेको छ। खेलको दोस्रो दिन हिजो पचास रनमा तीन ह्विकेट गुमाएको सिक्किमको टोली लक्ष्य भन्दा दुई सय नौं रन पछि थियो।
आज तेस्रो दिनको खेलमा सिक्किमको सम्पूर्ण टोली छयासट ओबर एक बलमा दुई सय छह रनमा समेटियो।

--------------------------------------X--------------------------------------

- **Chess Championship**

खेलकुद एवं युवा मामिला विभाग मन्त्री श्री राजु बस्नेतले आज उत्तरपूर्वी टोली चेस प्रतियोगिता २०२४-को उदघाटन गर्नुभयो। उत्तरपूर्वी क्षेत्रमा प्रथमपल्ट यो प्रतियोगिता आयोजन गर्ने सिक्किम पहिलो उत्तरपूर्वी राज्य हो।

चार दिवसीय प्रतियोगिताको उदघाटन समारोहका मुख्य अतिथि मन्त्री श्री बस्नेतले भन्नुभयो, चेस खेलका निम्ति power house-को रूपमा जानिएको भारतमा उत्तरपूर्वी राज्यहरू पनि विस्तारै अघि आइरहेछन्।

--------------------------------------X--------------------------------------